# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल

## प्रेश विज्ञप्ती

(आमसञ्चार माध्यममा तत्काल उपयोगको लागि)

२०७५ आषाढ १० गते, आइतबार

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल)ज्यूको समुपस्थितिमा महालेखापरीक्षकको कार्यालयबाट सार्वजनिक संस्थानको लेखापरीक्षण गर्न नियुक्त गरिएका लेखापरीक्षकहरुसँग **आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण पुनरावलोकन** सम्बन्धमा अन्तरक्रिया कार्यक्रम महालेखापरीक्षकको कार्यालय, बबरमहलमा सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल)ले महालेखापरीक्षकको सहायकको रुपमा संगठित संस्थाहरुको आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण गर्न नियुक्त गरिएका व्यसायिक लेखापरीक्षकहरुबाट संगठित संस्थाहरुको हालसम्मको लेखापरीक्षणको अवस्था, लेखापरीक्षणमा देखिएका समस्या समयमै लेखापरीक्षण सम्पन्न नहुनुको कारण बारे जानकारी लिनु भयो । उहाँले मुनासिब कारण बेगर समयमै लेखापरीक्षण सम्पन्न नगर्ने लेखापरीक्षकहरुको पुर्न: नियुक्ति नगरिने बताउँदै लेखापरीक्षणको प्रगति नियमित रुपमा महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने निर्देशन दिनुभयो । साथै लेखापरीक्षणलाई व्यवस्थित गरी समयमै सम्पन्न गर्नेतर्फ लेखापरीक्षकहरु सचेत एवं बढी जिम्मेवार हुनुपर्ने सुझाव समेत दिनुभयो ।

सोही अवसरमा सहभागीहरुले सार्वजनिक संस्थान, समिति तथा कोषको लेखापरीक्षण कम्पनी ऐन अनुसार हुनुपर्ने, वित्तीय विवरण तयार नगर्ने तथा आवश्यक विवरण पेश नगर्नेलाई कम्पनी ऐन तथा अन्य सम्बन्धित ऐन अनुसार आवश्यक कारबाही गर्न कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैक, बिमा समिति जस्ता नियमनकारी निकायहरुले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने धारण व्यक्त गर्नुभएको थियो ।

अशोक कुमार कार्की
सहायक-प्रवक्ता